# आकाशवाणी

मुख्य समाचार।

- प्रधानमन्त्रीले स्वतन्त्र, उन्मुक्त र सुरक्षित समुद्री नेटवर्कका लागि भारतको दृष्टिकोणको विश्व भरी प्रशंसा भएको बताउनुभयो.
- गृहमन्त्रीले पचासौं अखिल भारतीय पुलिस विज्ञान सम्मेलनको गर्नुभयो उद्घाटन.
- महाराष्ट्र विधानसभा चुनावको दुई सय अठासी सीटका लागि भोली हुनेछ मतदान
- केन्द्रीय जल शक्ति मन्त्रालयले हमारा शौचालय: हमारा सम्मान नामक ो अभियानको गऱ्यो शुभारम्भ, अनि
- सरकार टिकाऊ र लाभदायक कृषि तथा खाद्य सुरक्षा सुनिश्चित गर्ने पहलको समर्थन गर्न प्रतिबद्ध

## प्रधानमन्त्री सागर मंथन

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ , स्वतन्त्र, उन्मुक्त र सुरक्षित समुद्री नेटवर्कका लागि भारतको दृष्टिकोणको विश्व भर ी प्रशंसा हुदैछ। श्री मोदीले नयाँ दिल्लीमा सागरमन्थन, The Ocean's Dialogue –को सफल आयोजनका लागि बन्दरगाह, जहाजरानी र जलमार्ग मन्त्रालयको प्रयासको सराहना गर्दै यसो भन्नुभएको हो। उहाँले भन्नुभयो , सागर मन्थनको सफलताले मानवताको समृद्ध भविष्यका लागि आम सहमति बनाउनमा सहयोग मिल्ने छ।

श्री मोदीले भन्नुभयो , सागरमन्थनको उद्देश्यले भविष्य र विकासको दृष्टिकोणलाई व्यापक बनाउनका लागि विचार , विशेषज्ञको अनुभवको आदान-प्रदानलाई प्रोत्साहित गर्दछ।

## अमित शाह - आईपीएससी उद्घाटन

गृहमन्त्री श्री अमित शाहले गुजरातको गान्धी नगरमा पचासौं अखिल भारतीय पुलिस विज्ञान सम्मेलनको उद्घाटन गर्नुभयो । यस कार्यक्रमको आयोजन पुलिस अनुसन्धान र विकास ब्यूरो- बी.पी.आर.डी तथा राष्ट्रीय रक्षा शक्ति विश्वविद्यालय द्वारा संयुक्त रूपमा गरिएको हो। उद्घाटन समारोहमा गृहमन्त्रीले भन्नुभएको छ, भारत पछ िल ो पचास वर्षमा महत्वपूर्ण परिवर्तनसंग गुजर ेको छ , जसले वैश्विक गतिशीलतालाई पनि प्रभावित गरेको छ। उहाँले भन्नुभयो , यो परिवर्तनले पुलिस बलको कार्यप्रणाली र स्वरूपमा परिवर्तनलाई आवश्यक बनाएको छ । श्री शाहले भन्नुभयो ,

पछ◌िल◌ो दशकमा देशले संघर्ष प्रभावित अत्यधिक क्षेत्रको हिंसामा कमी लाउनमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। उहाँले भन्नुभयो, जम्मू-कश्मीर, पूर्वोत्तर तथा नक्सल प्रभावित क्षेत्र सहित उग्रवादसंग प्रभावित क्षेत्रको हिंसामा सत्तरी प्रतिशत गिरावट आएको छ।

## महाराष्ट्र चुनाव

महाराष्ट्र विधानसभा चुनावको दुई सय अठासी सीटका लागि भोली मतदान ह◌ुने छ। विधानसभा चुनावका साथ-साथ Nanded लोकसभा सीटका लागि भोली उपचुनाव ह◌ुने छ। हाल◌ैमा भएको लोकसभा चुनावमा महाराष्ट्रमा एकसट्ठी दशमलव तेत्तीस प्रतिशत मतदान भएको थियो। चुनाव आयोग अनुसार, 'शहरी र युवा उदासीनता'-को मुद्दा चुनाव आयोगका लागि एउटा ठूलो चिन्ताको विषय ह◌ो। लोकसभा चुनाव दुई हजार चौबीसमा मुम्बईमा बाउन्न दशमलव चार प्रतिशत मतदान भयो, जो दुई हजार उन्नाइसको चुनावमा पचपन्न दशमलव चार प्रतिशत मतदान थ◌ियो। आकाशवाणी समाचारसंग बात गर्दै महाराष्ट्रका मुख्य चुनाव अधिकारी श्री एस Chok alingam ले भन्नुभयो, राज्यमा चुनाव आयोग मुम्बई र अन्य ठाउँमा मतदान बढ़ाउनका लागि ठोस प्रयास गरिएको छ।

## जल शक्ति अभियान

केन्द्रीय जल शक्ति मन्त्रालयले आज विश्व शौचालय दिवसको अवसरमा हमारा शौचालय: हमारा सम्मान नामक◌ो तीन सप्ताह सम्म चल◌्ने अभियान शुरू गऱ्यो। यस अभियानको उद्देश्य स्वच्छताको बुनियादी ढा◌ँच◌ामा सुधार, व्यवहार परिवर्तनलाई बढ़ावा द◌िन◌ु र देश भर◌ीमा शौचालयको कार्यक्षमता र मर्मत सम्भारलाई बढ़ाएर सामुदायिक गौरवलाई बलियो गर्नु हो। अभियानमा प्रतियोगिता आयोजित गरिनेछ र नागरिकलाई सोशल मीडिया प्लेटफमका माध्यमद्वारा आफ्नो स्वच्छता सफलताको कथा साझा गर्नका प्रोत्साहित गरिनेछ। यसक◌ो समापन अग◌िल◌ो महीन◌ाको दस तारीख हुनेछ, जसलाई राष्ट्रीय मानवाधिकार दिवसका रूपमा मनाइन्छ।

## भारतीय वायुसेनाको कमान्डरको सम्मेलन

रक्षा मन्त्री श्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा भारतीय वायुसेनाको द◌ुईवार्षिक कमाण्डर सम्मेलनलाई सम्बोधित गर्नुभयो। यस सम्मेलनमा वायुसेना प्रमुख एयर चीफ मार्शल श्री अमर प्रीत सिंह पनि उपस्थित हुनुहुन्थ्यो। सम्मेलनमा भारतीय वायुसेनाको परिचालन तयार◌ीको समीक्षा गरिनेछ, जसममा उत्तरी सीमामा जाडोमा हुने अभियानमा विशेष जोड दिइनेछ। वरिष्ठ कमाण्डर वायुसेनाको क्षमता र तयार◌ीलाई बढ़ाउनका लागि रणनीतिक र

परिचालन योजनामा चर्चा गरिदैछ। सम्मेलनको समापन भोली हुनेछ।

## जम्मू-कश्मीर-वैष्णो देवी तीर्थयात्र◌ीको र◌ेकर्ड

यो बर्ष भीत्र अहिले सम्म जम्मू-कश्मीरमा रियासी जिल◌्लामा त्रिकुटा पहाड़ स्थित माता वैष्णो देवी मन्दिरमा छयासी लाखभन्दा अधिक तीर्थयात्री आइसकेका छन्। आकाशवाणी जम्मू संवाददाताले बताए अनुसार दिसम्बरको अन्तसम्म तीर्थयात्र◌ीहरूको संख्या पन्चानब्बै लाख पार हुने अनुमान गरिएको छ। तिहारको सीजनमा तीर्थयात्र◌ीको संख्या चरममा थियो, अक्टूबरमा आठ लाख चौहत्तर हजार छ सय सन्ताउन्न श्रद्धालु आएका थ◌िए। अक्टूबरमा औसतन चौध हजार देखी अठार हजारको बीच प्रतिदिन आउने श्रद्धालुको संख्या दिवाली र अन्य तिहार पछि बढ़◌ेर अठाइस हजारदेखी अठतिस हजारको बीचमा छ। एक हजार नौ सय छयासीमा श्री माता वैष्णो देवी श्राइन बोर्ड द्वारा प्रबन्धन आफ्नो हाथमा लिए पछि मन्दिरमा आउने श्रद्धालुको संख्यामा लगातार वृद्धि देखीयो।बनियादी ढा◌ँच◌ा र सुविधामा वृद्धिले मन्दिरको लोकप्रियतामा अझै वृद्धि भएको छ। हाल◌ैमा गरिएको कार्यमा माता वैष्णो देवी भवनमा एउटा स्काई वक, एउटा पुन निर्मित पार्वती भवन, दुर्गा भवन, नयाँ सामुदायिक भान्सा र रेलवे पंजीकरण केन्द्र शाम◌ेल छ।

## बीएसएफ रिकवर

सीमा सुरक्षा बल- बी.एस.एफ सीमामा उदीयमान प्रतिकूल स्थितिसंग सफलतापूर्वक निपटन सक्षम छ। पाकिस्तानका साथ पंजाबको सीमामा खुल्ला मैदानमा मौसमको प्रतिकूल स्थिति हुँदा पनि सीमा सुरक्षा बल सीमाको रक्षामा डट◌ेको छ। सीमा सुरक्षा बलको सूत्रको हवाला द◌िदै हाम्रा जालन्धर संवाददाताले बताए अनुसार केवल दुई दिनमा सीमा सुरक्षा बलका जवानले अमृतसर, तरण तारण, गुरदास पुर र फिरोज पुरको सीमावर्ती जिल◌्लामा हेरोइनको तीन खेप भएको नौ ड्रोन मार गिराएका छन्। केन्द्रीय सशस्त्र पुलिस बलले यी अभियानमा पंजाब पुलिसको सहयोग ल◌िरहेको छ। समूची पंजाब सीमामा कठिन मौसममा द◌ुबै बलले मादक पदार्थको गिरोहको नापाक इराद◌ालाई नाकाम गरिरहेको छ।

## कृषि मन्त्रालय-वैश्विक मृदा सम्मेलन

कृषि र किसान कल्याण मन्त्री श्री शिवराज सिंह चौहानले भन्नुभएको छ, सरकार टिकाऊ र लाभदायक कृषि तथा सबैका लागि खाद्य सुरक्षा सुनिश्चित गर्ने पहलको समर्थन गर्नका लागि प्रतिबद्ध छ। नयाँ दिल्लीमा वैश्विक मृदा सम्मेलन दुई हजार चौबीसलाई वर्चुअली संबोधित गर्दै श्री चौहानले भन्नुभयो, मृदा स्वास्थ्य अब वैश्विक चिन्ताको विषय बन◌ेको छ। उहाँले भन्नुभयो , लगभग तिस प्रतिशत कृषि योग◌्य म◌ाटो खराब भएको छ र रासायनिक उर्वरकको अत्यधिक

प्रयोगले माटो नोकसानमा पुगेको छ । श्री चौहानले भन्नुभयो सरकारले देशमा जैविक खेतीलाई बढ़ावा दिनमा काम गरीरहेको छ । उहाँले भन्नुभएको छ, छात्रा र शोधकर्तालाई स्थानीय र वैश्विक मृदा चुनौतीको समाधान गर्ने नवाचारलाई विकसित गर्नमा अग्रणी भूमिका निभाउनु पर्छ । उहाँले शिक्षा, प्रोत्साहन र आधुनिक तकनीकका माध्यमले किसानलाई सशक्त बनाउन आह्वान गर्नुभयो ।

मुख्य समाचार फेरी एक पल्ट

- प्रधानमन्त्रीले स्वतन्त्र, उन्मुक्त र सुरक्षित समुद्री नेटवर्कका लागि भारतको दृष्टिकोणको विश्व भरी प्रशंसा भएको बताउनुभयो.
- गृहमन्त्रीले पचासौं अखिल भारतीय पुलिस विज्ञान सम्मेलनको गर्नुभयो उद्घाटन.
- महाराष्ट्र विधानसभा चुनावको दुई सय अठासी सीटका लागि भोली हुनेछ मतदान
- केन्द्रीय जल शक्ति मन्त्रालयले हमारा शौचालय: हमारा सम्मान नामको अभियानको गऱ्यो शुभारम्भ, अनि
- सरकार टिकाऊ र लाभदायक कृषि तथा खाद्य सुरक्षा सुनिश्चित गर्ने पहलको समर्थन गर्न प्रतिबद्ध